नेपाल सरकार

उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय

वैकल्पिक ऊर्जा प्रवर्द्धन विकास समिति

वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र

अन्नपूर्ण
२०७५।०१।२१
(2018 May-4)

# सम्पन्न हुन नसकेका पुराना लघु जलविद्युत आयोजनाहरूले थप अनुदान माग गर्ने सम्वन्धि अन्तिम सार्वजनिक सूचना

प्रथम पटक प्रकाशित मिति : २०७५/०१/२१

निवेदन बुझाउने अन्तिम मिति : २०७५/०२/११

यस केन्द्रको सहयोगमा निर्माणाधिन तर आर्थिक श्रोत जुटाउन नसकी तथा प्राविधिक कारणले नवीकरणीय ऊर्जा अनुदान नीति, २०७३ स्वीकृत भएको मिति (२०७३ जेष्ठ ४ गते) सम्म संझौता भइसकेका तर हालसम्म सम्पन्न हुन नसकेका वा प्राकृतिक प्रकोपबाट क्षतिग्रस्त भएका दुर्गम क्षेत्रका लघु जलविद्युत आयोजनालाई आयोजना सम्पन्न हुने सुनिश्चितताको लागि नियमित अनुदान, अन्य सरकारी अनुदान र थप अनुदान समेत गरी एक पटकको लागि मात्र बढीमा लागतको ८० (असी) प्रतिशत सम्म थप अनुदान उपलब्ध गराईने प्रावधान उपरोक्त अनुदान नीति को दफा ११.१.४ मा रहेको छ। आर्थिक श्रोत जुटाउन नसकी तथा प्राविधिक कारणले सम्पन्न हुन नसकेका तर उल्लेखित प्रावधान बमोजिम थप अनुदान सहयोग पाएमा आयोजना सम्पन्न हुने सुनिश्चित भएका लघु जलविद्युत आयोजनाका उपभोक्ता समितिले यो सूचना प्रकाशित भएको मितिले २१ (एक्काइस) दिन भित्र आवश्यक कागजात तथा आयोजना सम्पन्न हुने सुनिश्चितताको यथेष्ट प्रमाणहरु समेत राखी यस केन्द्रको देहायको ठेगानामा निवेदन पेश गर्नु हुन संबन्धित सरोकारवालाहरुका लागी यो सूचना प्रकाशित गरिएको छ। तर यस अगाडी थप आर्थिक सहयोग प्राप्त गरेका आयोजनाले यो नीति अनुसारको थप अनुदान रकम प्राप्त गर्न सक्ने छैनन् र यस थप अनुदान सम्वन्धि मापदण्ड पूरा गरेका आयोजनाहरु मात्र थप अनुदानको लागी योग्य हुनेछन्। थप अनुदान सम्वन्धि मापदण्ड यस केन्द्रको वेब साइट **www.aepc.gov.np** बाट प्राप्त गर्न सकिनेछ। तोकिएको समय भित्र निवेदन दर्ता नभएका लघु जलविद्युत आयोजनाहरुलाई थप अनुदान प्रदान नगरिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईन्छ।

पुनश्च : यस भन्दा पहिले यस केन्द्र वा यसका वाह्य पहुँच केन्द्रहरुमा निवेदन दिएका निवेदकहरुले पुनः निवेदन दिनुहुन समेत यसै सूचना मार्फत जानकारी गराईन्छ।

सम्पर्क ठेगाना :

**वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र**

सामुदायिक विद्युतिकरण उप-शाखा,

खुमलटार, ललितपुर।

फोन : ०१-५५३९३९०, ०१-५५३९३९१

पोष्ट वक्स नं. १४३६४, वेव साइट : www.aepc.gov.np

सम्पर्क व्यक्ति : प्रतिमा के सी., ईमेल : pratima.kc@aepc.gov.np